राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३१६ २०८३ असार १ गते सोमवार (15 June 2026) पृष्ठ ४ मूल्य रु. ३।-


## राप्रपामाथि प्रसाईंको तीव्र आलोचना

दैनिक समाचारदाता
काठमाडौं ३१ जेठ । नयाँ राजनीतिक दल गठनको तयारीमा रहेका मेडिकल व्यवसायी तथा 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'का संयोजक दुर्गा प्रसाईंले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) माथि तीव्र आलोचना गरेका छन्।

आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा प्रसाईंले राप्रपा राजसंस्था र धर्मका नाममा राजनीति गर्ने दल बनेको आरोप लगाए। उनले राप्रपाको उद्देश्य जनताको सेवा र विकासभन्दा पनि मत प्राप्त गरी सत्तामा पुग्ने र सुविधा उपभोग गर्ने रहेको टिप्पणी गरे।

सत्य बोल्नेलाई अराजक भन्ने प्रवृत्ति बढेको उल्लेख गर्दै प्रसाईंले आफू सत्य बोल्न नडराउने बताए। उनले राजसंस्था पुनःस्थापना भए आफू सार्वजनिक जीवनबाट अलग भएर खप्तडमा बस्ने दाबी पनि गरे। प्रसाईंले काठमाडौं



महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) र राष्ट्रिय स्वतन्त्र पार्टीको प्रभाव पनि दीर्घकालीन नहुने जिकिर गरे। साथै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र तथा राप्रपाले अब जनविश्वास पुनः प्राप्त गर्न नसक्ने दाबी गरे।उनले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनमाथि समेत आरोप लगाउँदै देशका धेरै राजनीतिक नेता राष्ट्रिय हितप्रति इमानदार नरहेको टिप्पणी गरे।

सीमा सुरक्षालगायत राष्ट्रिय मुद्दामा सरकार गम्भीर हुनुपर्ने उल्लेख गर्दै प्रसाईंले सुस्ता क्षेत्रको उदाहरण दिँदै सरकारको भूमिकामाथि प्रश्नसमेत उठाए।

## मधेशको बजेट आकार घट्ने

# कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता

दैनिक समाचारदाता
जनकपुरधाम, ३१ जेठ । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि चालु वर्षको तुलनामा सानो आकारको बजेट ल्याउने तयारी गरेको छ ।

संघीय सरकारबाट प्राप्त हुने अनुदान घट्नु, आन्तरिक राजस्व संकलन अपेक्षाअनुसार हुन नसक्नु तथा समग्र आर्थिक स्रोतमा संकुचन आउनुले प्रदेश सरकार बजेटको आकार घटाउन बाध्य भएको हो ।

अर्थ मन्त्रालयका अनुसार असार १ गते प्रदेश सभामा प्रस्तुत गरिने बजेटको तयारी अन्तिम चरणमा पुगेको छ । मन्त्रालयका प्रवक्ता तथा अर्थ उपसचिव जयकुमार राउतले बजेट निर्माणसम्बन्धी प्राविधिक र नीतिगत तयारी पूरा भइसकेको तथा उपलब्ध स्रोत र प्राथमिक आवश्यकतालाई आधार बनाएर बजेट तर्जुमा




गरिएको जानकारी दिए ।

उनका अनुसार आगामी बजेटमा कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिइएको छ। उत्पादन वृद्धि, रोजगारी सिर्जना, प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउने तथा आधारभूत सेवामा नागरिकको पहुँच विस्तार गर्ने उद्देश्यका कार्यक्रम समेटिएको उनले बताए।

"बजेटको आकार गत वर्षभन्दा केही घट्ने देखिएको छ। तर सीमित स्रोत(साधनका बाबजुद पनि उत्पादनमूलक र जनजीवनसँग प्रत्यक्ष जोडिएका क्षेत्रलाई प्राथमिकतामा राखेका छौं," राउतले भने।

यता, प्रशासनिक खर्च कटौती गर्न मन्त्रालयको संख्या घटाउने सरकारको पुरानो प्रतिबद्धता भने कार्यान्वयन हुन सकेको छैन। मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले सत्ता सम्हालेपछि मन्त्रालय संख्या घटाउने घोषणा

*बाँकी पृष्ठ ३मा*


## योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिवद्धता

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सव भव्यताका साथ मनाऔं ।
- लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## भूमि मिचेको दाबी पुष्टि गर्न यादवको चुनौती

दैनिक समाचारदाता
जनकपुरधाम, ३१ जेठ । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालले भारतसहित कुनै पनि छिमेकी मुलुकको भूमि नमिचेको बताएका छन्।

आइतबार पर्सामा आयोजित एक कार्यक्रममा बोल्दै यादवले आफू दुई पटक परराष्ट्रमन्त्री भइसकेको भए पनि नेपालले भारतको भूमि अतिक्रमण गरेको विषयमा कुनै आधिकारिक जानकारी नपाएको बताए।

भारतले अहिलेसम्म नेपालले आफ्नो भूमि मिचेको दाबी नगरेको उल्लेख गर्दै उनले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले नेपालले भारतीय भूमि मिचेको भन्ने अभिव्यक्ति दिनु




गैरकूटनीतिक भएको टिप्पणी गरे।"नेपालले भारतको भूमि मिचेको कुरा प्रधानमन्त्री बालेनले उठाउनुभएको छ, त्यसैले अब उहाँले नै तथ्य र प्रमाणका आधारमा त्यसको पुष्टि गर्नुपर्छ," यादवले भने।

उनले यस्ता संवेदनशील विषयमा सार्वजनिक अभिव्यक्ति दिँदा प्रमाण र कूटनीतिक मर्यादाको ख्याल गर्नुपर्ने धारणा पनि व्यक्त गरे।

## इभीको ठक्करबाट महिलाको मृत्यु


दैनिक समाचारदाता
सर्लाही, ३१ जेठ । सर्लाहीको बागमती नगरपालिका-९ निर्माण चोकमा आइतबार बिहान इभी गाडीको ठक्करबाट एक महिलाको मृत्यु भएको छ भने अर्की एक महिला गम्भीर घाइते भएकी छन्।

बिग्रिएर अटोमार्फत तानेर मर्मतका लागि लैजाँदै गरिएको बागमती प्रदेश ०३-००१ ज ०७७६ नम्बरको इभी हायसले पैदल हिँडिरहेका स्थानीय ५५ वर्षीया जयकुमारी देवी र ४० वर्षीया पुनमदेवी यादवलाई ठक्कर दिएको प्रहरीले जनाएको छ।


दुर्घटनामा गम्भीर घाइते

*बाँकी पृष्ठ ३मा*


अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# सम्मानले बढाउने सामाजिक न्यायको अभियान

समाज परिवर्तनका लागि संघर्षरत व्यक्तित्वहरूको योगदानको उचित मूल्याङ्कन र सम्मान हुनु लोकतान्त्रिक समाजको सकारात्मक अभ्यास हो । मानव अधिकार तथा शान्ति समाजले मधेश प्रदेशसभा सदस्य ललिता दास विद्रोहीलाई 'कर्मयोगी बद्रीप्रसाद पहाडी समाजसेवा पुरस्कार-२०८३' प्रदान गर्नु केवल एक व्यक्तिको सम्मान मात्र नभई सामाजिक न्याय, मानव अधिकार र समावेशी समाज निर्माणको अभियानप्रतिको सम्मान पनि हो ।

नेपालमा अझै पनि जातीय विभेद, लैङ्गिक असमानता र सामाजिक बहिष्करणका समस्या पूर्ण रूपमा अन्त्य भएका छैनन् । विशेषगरी दलित, महिला तथा सीमान्तकृत समुदायले समान अवसर र सम्मान प्राप्त गर्न निरन्तर संघर्ष गरिरहनुपरेको यथार्थ विद्यमान छ । यस्ता चुनौतीपूर्ण परिस्थितिमा ललिता दास विद्रोहीले लामो समयदेखि सामाजिक न्यायका पक्षमा आवाज उठाउँदै आएकी छन् । दलित अधिकार, महिला सशक्तीकरण तथा मानव अधिकारका सवालमा उनको सक्रियता केवल राजनीतिक भूमिकामा सीमित छैन, सामाजिक आन्दोलन र जनचेतना अभिवृद्धिसँग पनि जोडिएको छ ।

यस सम्मानले समाजमा एउटा महत्वपूर्ण सन्देश दिएको छ । सामाजिक रूपान्तरणका लागि गरिने निरन्तर संघर्ष कहिल्यै व्यर्थ जाँदैन । राज्य तथा समाजका विभिन्न तहमा अझै पनि प्रतिनिधित्व र अवसरबाट वञ्चित समुदायका पक्षमा बोल्ने व्यक्तिहरूलाई प्रोत्साहन गर्नु आवश्यक छ। यस्तो सम्मानले नयाँ पुस्तालाई पनि सामाजिक उत्तरदायित्व र सेवाभावप्रति प्रेरित गर्न सक्छ ।

पुरस्कारका नामदाता बद्रीप्रसाद पहाडी स्वयं समाजसेवा र मानव अधिकारका क्षेत्रमा समर्पित व्यक्तित्व थिए । उनले मानव अधिकार तथा शान्ति समाजको संस्थागत विकासका लागि गरेको आर्थिक तथा नैतिक योगदान अनुकरणीय छ । उनको नाममा स्थापित पुरस्कारले सामाजिक सेवाको मूल्य र महत्वलाई निरन्तर उजागर गरिरहेको छ ।

तर सम्मान केवल प्रशंसामा सीमित हुनु हुँदैन । सामाजिक न्याय र समावेशिताको क्षेत्रमा देखिएका समस्या समाधानका लागि राज्य, राजनीतिक दल, नागरिक समाज र आम नागरिक सबैले साझा जिम्मेवारी निर्वाह गर्नुपर्छ । सम्मानित व्यक्तिहरूले उठाएका मुद्दा र अभियानलाई नीतिगत तहमा सम्बोधन गर्न सकिए मात्र यस्ता पुरस्कारहरूको वास्तविक अर्थ स्थापित हुनेछ । ललिता दास विद्रोहीलाई प्रदान गरिएको सम्मानले दलित अधिकार, महिला सशक्तीकरण र मानव अधिकारको आन्दोलनलाई थप ऊर्जा प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ। सामाजिक न्यायको यात्रामा योगदान गर्ने व्यक्तित्वहरूको पहिचान र सम्मान हुँदै जाँदा समानता, सम्मान र समावेशितामा आधारित समाज निर्माणको लक्ष्य पनि थप सुदृढ बन्दै जानेछ ।

# सत्तामोहले थला परेको कांग्रेस



श्रीमन नारायण

नेपाली काँग्रेस देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी हो । नेपालमा प्रजातन्त्रको स्थापना, पुनः स्थापना तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा यसको भूमिका अग्रणी र महत्वपूर्ण रहेको छ । नेपाली जनताले यस पार्टीमाथि विश्वास गरी तीन पटक बहुमत पनि प्रदान गरेको हो, तर पार्टी भित्रको अन्तरकलहका कारण यस पार्टीले जनादेशको सम्मान गर्न नसकी आन्तरिक विवादकै कारण सत्ताबाट बाहिरिएको हो ।

जनआन्दोलन-२ को सफलता पश्चात काँग्रेस वामपन्थी दलसँगको सहकार्य र सहयात्राका कारण अर्द्धवामपन्थको चरित्र बोक्न बाध्य भयो । जसरी नेपालका कम्युनिष्टहरु अर्द्धबामपन्थ र अर्द्धलोकतन्त्रको चरित्रलाई बोकी हिँडन बाध्य भएको छ । त्यसरी नै नेपाली काँग्रेस पनि अर्द्धबामपन्थको चरित्र बोक्न बाध्य भएको छ । अब चाहेर पनि नेपाली काँग्रेस आफनो मौलिक चरित्रलाई आत्मसात गर्न सक्दैन ।

आम निर्वाचन-२०८२ मा पार्टीले ऐतिहासिक पराजय भोग्न पर्‍यो । पार्टीको अधिकांश दिग्गज नेता चुनावमा पराजित भए । पार्टीको मत प्रतिशतमा पनि ह्रास आयो । ऐतिहासिक पराजयका बाबजुद पार्टीभित्र गुटबन्दी व्याप्त छ । पार्टी तीन भागमा विभाजित देखिन्छ ।

पार्टी सभापति गगनकुमार थापा, पूर्व सभापति शेरबहादुर देउवा र सभापति बन्न इच्छुक डा.शेखर कोइराला पनि पार्टीको नेतृत्व आफ्नो हातमा आएको हेर्न चाहन्छन् । नेपाली काँग्रेस विगतको अनुभववाट केही सिक्न चाहेको छैन । २०८२ फागुन २१ को निर्वाचन परिणाम पश्चात पार्टी एकजुट भएर चुनाव परिणामको समीक्षा गर्नुपर्नेमा पार्टी भित्र विभिन्न गुट समूहको छुटाछुटै कोठे बैठक भएको देखियो ।

काँग्रेसले आफूलाई सत्ताको स्वाभाविक हकदार ठानेर नै अहिलेसम्म राजनीति गरेको छ । अहिले पनि उसमा यही प्रवृति कायम छ । लोकतन्त्रमा जनता सर्वोपरी हुन्छ । जनताको मतादेशलाई राजनीतिक दलहरुले सहर्ष स्वीकार गर्न सक्नुपर्छ । चुनावमा बहुमत प्राप्त नगरेर अर्थात जनताले सरकार बनाउने किसिमको जनादेश नदिए पनि कथित राष्ट्रिय सहमतिको नाममा येनकेन प्रकरण सरकारमा सहभागी भइहाल्ने नेपाली काँग्रेसको विगत दुई दशकको इतिहासले पनि पार्टीलाई सत्तामुखी दलको रुपमा परिभाषित गर्‍यो ।

काँग्रेस जस्तो पार्टी प्रतिपक्षमा बसेर काम गर्नुको अर्थ लोकतन्त्रलाई बलियो बनाउनु हो । संसदीय व्यवस्था र गणतन्त्रलाई बलियो बनाउनु हो । नेपाली काँग्रेस स्वाभाविक रुपमा ५ वर्ष पछि पुनः सत्तामा आउने नै हो । तसर्थ यसले ५ वर्ष सम्म विपक्षमा रहेर पनि आफ्नो जनाधार विकसित गर्न सक्दछ । नेपाली काँग्रेसलाई एउटा परिपक्व जिम्मेवार र सम्वेदनशील पार्टीको रुपमा नेपाली जनताले विश्वास गर्दै आएका छन् ।

काँग्रेसले यस विश्वासलाई कायम राख्नुपर्छ । जब कुनै संगठन कमजोर वैचारिक धरातलमा उभिएको हुन्छ, अनि त्यसलाई सफलता पाउन कठिन हुन्छ । आफनो गौरवशाली इतिहास, पार्टीका वरिष्ठ एवं सम्मानित नेताहरुको योगदान तथा कार्यकर्ता पंक्तिको सम्मान गर्न नसक्ने संगठन विस्तार विस्तारै कमजोर हुन थाल्छ । समस्या परेको बेलामा आफनो नेताको बचाउ पनि गर्न सक्नुपर्छ ।

काँग्रेसमा नेतृत्व परिवर्तनको त्यतिवेला सर्वाधिक तीव्र भयो, जतिबेला पार्टी सभापतिलाई पार्टी संगठन र कार्यकर्ताको सर्वाधिक सहयोगको आवश्यकता थियो । तात्कालिक पार्टी सभापतिले त आफनो पदबाट राजीनामा गरिसकेकै थिए । कार्यवाहक सभापति पनि उनले नियुक्त गरिसकेका थिए तर पार्टीको युवा पंक्तिलाई युवा नेतृत्वको आवश्यकता थियो ।

आखिर हतार-हतारमा पार्टीले विशेष महाधिवेशन पनि गर्‍यो, नयाँ नेतृत्व पनि ल्यायो । पार्टीको केन्द्रीय समितिमा पनि बढी नयाँ-नयाँ अनुहार देखिए । तर चुनाव परिणाम भने अपेक्षित आएन । यसले के सावित गर्‍यो भने नेपाली काँग्रेसले आफनो मौलिक पहिचानलाई गुमाइसकेको छ ।

काँग्रेसले २०८२ फागुन २१ को आम निर्वाचनमा प्रत्यक्षतर्फ १८ र समानुपातिक तर्फको २० गरी कुल ३८ जित्न सफल रह्‍यो । यो प्रदर्शन साढे तीन वर्षअघि भएको निर्वाचन परिणाम ८८ भन्दा निकै कम थियो । पार्टीले साढे तीन वर्षकै अवधिमा ५० सिट गुमाउनु पर्‍यो । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको सारथी भएर सरकारमा खेलेको भूमिकाको कारण नेपाली काँग्रेस पनि एमाले जति नै अलोकप्रिय भएको थियो । जेनजी आन्दोलनमा एमाले भन्दा बढी नै बदनामी नेपाली काँग्रेसको भएको थियो ।

काँग्रेसको विगत साढे तीन दशकका निर्वाचन परिणामको समीक्षा गर्ने हो भने यसको प्रदर्शन मिश्रित देखिएको छ । एक चुनावमा राम्रो प्रदर्शन तर अर्को चुनावमा खराब प्रदर्शन गरेको यसको परम्परा नै रहेको छ । २०४८ सालको आम निर्वाचनमा नेपाली काँग्रेसले ३७.७५ प्रतिशत मतसहित ११० सिट जितेको थियो । स्वतन्त्र रुपमा निर्वाचित २-३ सांसद पनि नेपाली काँग्रेसमै प्रवेश गरेका थिए । तर पार्टीको आन्तरिक कलहका कारण नेपाली काँग्रेसका गिरिजाप्रसाद कोइराला नेतृत्वको त्यो बहुमतको सरकार पनि सबा तीन वर्षमै पतनको शिकार भयो ।

मध्यावधि निर्वाचन २०५१ मा नेकपा एमाले प्रतिनिधिसभामा सबैभन्दा ठलो दलको नाताले सरकारको नेतृत्व त हात पार्‍यो तर सत्तामा पुगेपछि मनपरी गर्न थाल्यो । फलस्वरुप सारा विपक्षी दलहरु एकजुट भई एमाले नेतृत्वको सरकार माथि अविश्वास प्रस्ताव लगाए । आखिर ९ महिनामै एमालेको सरकार पनि अपदस्थ हुन पुग्यो । २०५१ सालको मध्यावधि निर्वाचनमा नेपाली काँग्रेसले ३३.३८ प्रतिशत मत र ८३ सिटमै चित्त बुझाउनु पर्‍यो । पार्टीको मतमा चार प्रतिशतको ह्रास आयो ।

२०६३ को आम निर्वाचनमा पार्टी एकजुट भएर चुनाव लड्यो । पार्टीले ३७.२९ प्रतिशत मत र १११ सिट जित्न सफल रहयो । यो वि.सं.२०५१ सालको चुनावको तुलनामा २८ सिट बढी थियो । ४ प्रतिशत मतको अन्तर हुँदा २८ सिटको उतार-चढाव हुने रहेछ । दुर्भाग्य, नेपाली काँग्रेसले तीन वर्षमा तीन नेतालाई प्रधानमन्त्री बनाए पनि राजनीतिक स्थायित्व प्रदान गर्न सकेन र २०५९ सालको असोजमा तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभालाई विघटन गरी मध्यावधि निर्वाचनको सिफारिस गरे । देउवाको यही निर्णयले तात्कालीन राजा श्री ५ ज्ञानेन्द्रलाई सक्रिय भूमिकामा आउन उत्प्रेरित गर्‍यो । तात्कालीन राजाको यही महत्वाकांक्षा नेपालबाट राजतन्त्रको विदाइको जग बसाल्ने काम पनि गर्‍यो ।

२०६४ मा संविधानसभाका लागि भएको निर्वाचनमा नेपाली काँग्रेसले २१.१४ प्रतिशत मत सहित प्रत्यक्षमा ७३ र समानुपातिकमा ३७ सिट जित्न सफल रहयो । पार्टीलाई मनोनितको ५ सिट पनि प्राप्त भएको थियो । २०७० मा मधेसी दलहरुमा विभाजन र नेकपा माओवादीको घट्दो जनाधारले नेपाली काँग्रेसलाई पुनः देशको सबैभन्दा ठूलो दलको रुपमा स्थापित गर्‍यो । नेपाली काँग्रेसले २९.८० प्रतिशत मतसहित प्रत्यक्षतर्फ १०५, समानुपातिकका ९१ र मनोनित १० गरी २०६ सिट प्राप्त गर्न सफल रहयो । पार्टीको मत प्रतिशतमा ८ प्रतिशतको बृद्धि हुँदा प्रत्यक्ष तर्फ ३२ र समानुपातिक तर्फ ५४ सिटको लाभ हुन पुगेको थियो ।

२०७४ मा वामगठबन्धन र मधेसी दलहरुले मिलेर बनेको मधेसी गठबन्धन गरी चुनावमा त्रिपक्षीय भीडन्त हुँदा नेपाली काँग्रेसलाई हानी हुनु स्वाभाविकै थियो । काँग्रेसको मत १२ प्रतिशतले ह्रास आयो । प्रत्यक्ष तर्फ पार्टीले ३२ र समानुपातिकमा ५७ सिट जित्न सफल रह्‍यो । २०७९ को निर्वाचनमा नेपाली काँग्रेसले ५ दलसँग मिलेर चुनावमा गयो । सबैभन्दा बढी सिट त पार्टी जित्यो तर नेकपा माओवादी र एमालेको धूर्त्याइका कारण पार्टी कि त प्रतिपक्षमा बस्नु पर्‍यो कि त सत्ताको सहयोगीको रुपमा रहनु पर्‍यो । तर आरोप भने सबैभन्दा बढी यसैले झेल्नु पर्‍यो ।

२०८२ फागुनमा भएको निर्वाचनमा पार्टीको मत प्रतिशतमा ९ प्रतिशतको ह्रास आयो । चुनावमा नेपाली काँग्रेसले ठूलो पराजय भोग्नु पर्‍यो तर मुख्य प्रतिपक्षमा भने अवश्य पनि छ । पार्टीले संसदमा विपक्षको भूमिका निर्वाह गर्न सक्नुपर्छ । संसदमा रहेका एमाले, श्रम संस्कृति पार्टी राप्रपा र नेकपासित मिलेर एउटा मोर्चा बनाई प्रतिनिधिसभामा सशक्त विपक्षको भूमिका निर्वाह गर्नुपर्छ । दुई तिहाई बहुमतको सरकार रास्वपाले बनाएको छ तर यो अनुभवहीनको भीड पनि हो ।उत्साहमा आएर बालेन सरकारले एक पछि अर्को गल्ती गर्दै जानेछ । डेढ महिनामै यस सरकारको निर्णयका कारण जनता सडकमा आउन पुगे । एउटा गल्तिलाई सच्चाउन, यसले फेरि अर्को नयाँ गल्ति गर्नेछ । त्यसैले नेपाली काँग्रेसको भूमिका बढी महत्वपूर्ण हुनेछ तर यसको निम्ति सर्वप्रथम यो पार्टी एकजुट हुनु आवश्यक छ । पार्टी भित्रको आन्तरिक मतभेद हटाउनु आवश्यक छ ।

*साभार: खबरहबडटकम*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# भारतका १० सबैभन्दा तातो सहर

मौसम विभागले दिल्लीका लागि अरेन्ज अलर्ट जारी गरेको छ। आगामी एक सातासम्म दिल्ली तथा आसपासका क्षेत्रको अधिकतम तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि रहने अनुमान गरिएको छ।

बुधबार मध्य प्रदेशको खजुराहोमा अधिकतम तापक्रम ४८.० डिग्री सेल्सियस रेकर्ड गरिएको थियो। त्यस्तै, सोही दिन राजधानी दिल्लीको रिज क्षेत्रमा ४५.८ डिग्री सेल्सियस तापक्रम मापन गरिएको थियो।

उत्तर प्रदेशको बाँदा पनि अत्यधिक गर्मी हुने स्थानमध्ये अग्रस्थानमा रहेको छ। त्यहाँ अधिकतम तापक्रम ४८ डिग्री सेल्सियस पुगेको थियो।

खजुराहोमा मे २० को अधिकतम तापक्रम सामान्यभन्दा करिब ४.५ डिग्री सेल्सियस बढी रेकर्ड गरिएको थियो। यता राजधानी दिल्लीमा बुधबारको रात विगत १४ वर्षयताकै सबैभन्दा तातो रात बनेको थियो।

हरियाणाको रोहतकमा तापक्रम सामान्यभन्दा ६.२ डिग्री सेल्सियस र अम्बालामा करिब ७ डिग्री सेल्सियस बढी मापन गरिएको छ।

देशमा बढ्दो तापक्रमको प्रभाव विशेषगरी पूर्वी मध्य प्रदेश र महाराष्ट्रको विदर्भ क्षेत्रमा बढी देखिएको छ।


मौसम विभागले चेतावनी जारी गर्दै आगामी करिब एक सातासम्म भारतका उत्तर-पश्चिमी, मध्य तथा पूर्वी क्षेत्रमा भीषण गर्मी (हीट वेभ) को प्रभाव रहने जनाएको छ।

*देशका १० सबैभन्दा तातो सहर*

लखनऊस्थित मौसम विभागका वैज्ञानिक मोहम्मद दानिशले समाचार संस्था एएनआईसँग कुरा गर्दै भने, “आकाशमा बादल नहुनुका कारण पछिल्ला ४-५ दिनदेखि तापक्रम निरन्तर बढिरहेको छ। सबै जिल्लामा गर्मी बढ्दो क्रममा छ। बुन्देलखण्ड, प्रयागराज, आगरा र लखनऊभन्दा पनि बढी गर्मी छ। बाँदामा ४६ देखि ४८ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ, जुन देशकै सबैभन्दा तातो स्थानमध्ये एक हो।”

मौसम विभागका अनुसार बुधबार भारतका सबैभन्दा बढी तापक्रम भएका सहरहरू यस्ता छन्-

१. खजुराहो (पूर्वी मध्य प्रदेश) - ४८.० डिग्री सेल्सियस
२. बाँदा (उत्तर प्रदेश) - ४८.० डिग्री सेल्सियस
३. वर्धा (विदर्भ क्षेत्र) - ४७.१ डिग्री सेल्सियस
४. रोहतक (हरियाणा) - ४६.९ डिग्री सेल्सियस
५. नागपुर (विदर्भ क्षेत्र) - ४६.६ डिग्री सेल्सियस
६. श्रीगंगानगर (पश्चिमी राजस्थान) - ४६.५ डिग्री सेल्सियस
७. अमरावती (विदर्भ क्षेत्र) - ४६.४ डिग्री सेल्सियस
८. चन्द्रपुर (विदर्भ क्षेत्र) - ४६.२ डिग्री सेल्सियस
९. हमीरपुर (उत्तर प्रदेश) - ४६.२ डिग्री सेल्सियस
१०. झारसुगुडा (ओडिशा) - ४६.० डिग्री सेल्सियस




*हीट स्ट्रोकबाट कसरी बच्ने?*

देशका धेरै क्षेत्रमा चर्को गर्मी र तेज घामका कारण जनजीवन प्रभावित भएको छ। मौसम विभागका अनुसार धेरै सहरमा अधिकतम तापक्रमले नयाँ कीर्तिमान बनाइरहेको छ।

बुधबार अरुणाचल प्रदेशका केही सहर, उत्तराखण्ड, हरियाणा-चण्डीगढ, दिल्ली, पञ्जाब, जम्मु-कश्मीर, लद्दाख, मध्य प्रदेश, उत्तर प्रदेश तथा आन्ध्र प्रदेशका केही स्थानमा तापक्रम सामान्यभन्दा ५ डिग्री सेल्सियसभन्दा बढी रेकर्ड गरिएको थियो।

यस्तो अवस्थामा सबैभन्दा महत्वपूर्ण कुरा हीट स्ट्रोकबाट आफूलाई सुरक्षित राख्नु हो।

दिल्लीस्थित एम्स अस्पतालका डाक्टर नीरज निश्चलका अनुसार, “तापक्रम बढ्दै जाँदा शरीरबाट पसिना बढी निस्कन्छ। यसले शरीरमा पानीको कमी (डिहाइड्रेसन) गराउँछ। मानव शरीरको करिब ६० प्रतिशत भाग पानीले बनेको हुन्छ। शरीरमा पानीको मात्रा कम हुँदा अन्य अंगहरूमा पनि असर पर्न थाल्छ। त्यसैले शरीरले तिर्खाको माध्यमबाट पानीको आवश्यकता भएको संकेत दिन्छ।” उनले थप भने, “पसिनासँगै शरीरमा रहेका इलेक्ट्रोलाइट (विशेषगरी सोडियम) पनि घट्न थाल्छन्। त्यसैले केवल पानी मात्र होइन, इलेक्ट्रोलाइटको पूर्ति गर्नु पनि आवश्यक हुन्छ।”

विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामी व्यक्तिहरूमा हीट स्ट्रोकको जोखिम बढी हुन्छ। यस्ता व्यक्तिहरूको विशेष हेरचाह गर्नुपर्छ। यदि कसैलाई हीट स्ट्रोक भएको आशंका भएमा तुरुन्त उपचार र चिकित्सकीय ध्यान दिनु आवश्यक हुन्छ।

*साभार: बीबीसी/हिन्दी*

## मधेशको.....

गरेको थियो। यसका लागि गठबन्धन दलहरूबीच १५ बुँदे सहमति समेत भएको थियो।

तर राजनीतिक सहमति अभावका कारण उक्त योजना कार्यान्वयन हुन नसकेको देखिएको छ। अर्थ मन्त्रालयका अनुसार आगामी बजेट हाल कायम रहेको संरचनाअनुसार नै तयार पारिएको छ। अहिले मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालयस्तरीय संरचना सञ्चालनमा छन्।

प्रदेश सरकारअन्तर्गत करिब १५० कार्यालय सञ्चालनमा रहेका छन्। ती कार्यालयको प्रशासनिक खर्च, कर्मचारी व्यवस्थापन तथा विकास कार्यक्रमका लागि बजेट व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक भार बढ्दै गएको अधिकारीहरू बताउँछन्।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट ल्याएको थियो। आगामी आर्थिक वर्षको बजेट भने त्यसभन्दा सानो आकारको हुने संकेत प्रदेश सरकारका अधिकारीहरूले दिएका छन्।

यद्यपि, बजेटको वास्तविक आकार र कार्यक्रम असार १ गते प्रदेश सभामा प्रस्तुत भएपछि मात्रै सार्वजनिक हुनेछ।

## इभीको.....

भएका दुवै जनालाई उपचारका लागि वीरगन्ज लैजाने क्रममा जयकुमारी देवीलाई प्रादेशिक अस्पताल कलैयामा चिकित्सकले मृत घोषणा गरेका थिए।

इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षक गोपीकृष्ण सुवेदीका अनुसार घाइते पुनमदेवी यादवको कलैयास्थित एक निजी अस्पतालमा उपचार भइरहेको छ।

प्रहरीले दुर्घटनामा संलग्न इभी, अटो तथा दुवै चालकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

# गर्मीमा तातो कफी पिउनुको यस्ता छन् फाइदा



काठमाडौं। सामान्यतया जाडो मौसममा तातो पेय पदार्थहरू बढी सेवन गरिन्छ। यसले शरीरलाई न्यानो बनाउने विश्वास गरिन्छ। तर गर्मी मौसममा तातो कफी पिउनु पनि स्वास्थ्यका लागि लाभदायक हुन सक्ने विज्ञहरू बताउँछन्।

धेरैलाई गर्मीमा तातो कफी पिउँदा शरीर झन् तातो हुन्छ भन्ने लागे पनि सही अवस्थामा यसले शरीरलाई चिसो महसुस गराउन मद्दत गर्न सक्छ।

विज्ञहरूका अनुसार तातो पेय पदार्थ सेवन गर्दा शरीरका रक्तनलीहरू फराकिला हुन्छन्। यसले छालासम्म रक्तसञ्चार बढाउँछ र शरीरभित्रको ताप बाहिर निस्कन सहयोग पुग्छ। साथै, तातो कफी पिएपछि हल्का पसिना आउँछ। पसिना सुक्दै वाष्पीकरण हुँदा शरीरले स्वाभाविक रूपमा चिसोपन महसुस गर्छ।

*कफी खाँदा यी कुरामा दिनुस् ध्यान*

ओटावा विश्वविद्यालयको एउटा अध्ययनअनुसार तातो कफीको यस्तो प्रभाव वातावरणले पसिनालाई सजिलै सुक्न मद्दत गर्ने बेलामा मात्रै प्रभावकारी हुन्छ। मौसम अत्यधिक आर्द्र छ भने पसिना छिट्टै सुक्दैन र शरीरलाई राहत मिल्नुको सट्टा अझ बढी गर्मी महसुस हुन सक्छ। त्यसैले तातो कफीको लाभ मौसम र शरीरको अवस्थामाथि निर्भर हुन्छ। सुख्खा मौसममा तातो कफी बढी उपयोगी हुन सक्छ भने अत्यधिक आर्द्र भएको अवस्थामा सावधानी अपनाउनु उपयुक्त हुन्छ।

*कुन हो गर्मीमा कफी पिउने सही समय ?*

कफी पिउने समय पनि महत्वपूर्ण मानिन्छ। ताजा बनाइएको तातो कफीमा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट पाइन्छ, जसले स्वास्थ्यलाई फाइदा पुर्‍याउँछ। कफी खाली पेट पिउनुभन्दा बिहानको खाजा खाइसकेपछि वा केही समयपछि सेवन गर्नु राम्रो मानिन्छ। यसले अम्लपित्त तथा तनावसँग सम्बन्धित हर्मोनको प्रभाव कम गर्न सहयोग पुर्‍याउन सक्छ।

*दिनमा कति कफी पिउनु उपयुक्त?*

गर्मी मौसममा कफी सीमित मात्रामा सेवन गर्नु राम्रो हुन्छ। दिनभरमा एकदेखि दुई कप कफी पर्याप्त मानिन्छ। साथै, शरीरमा पानीको कमी हुन नदिन प्रशस्त पानी पिउनु र सन्तुलित जीवनशैली अपनाउनु पनि उत्तिकै आवश्यक छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

बिहानको सुरुवात ताजा समाचारसँगै। बिहान-बिहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# महानगरको १०१ बुँदे नीति प्रस्तुत

दैनिक समाचारदाता

काठमाडौं, ३१ जेठ । काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ११ क्षेत्र समेटिएको १०१ बुँदे नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

राष्ट्रिय सभा गृहमा आइतबार आयोजित नगर सभाको १९औं अधिवेशनमा महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन्।



महानगरपालिकाले मौलिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय तथा सुशासनयुक्त महानगर निर्माण गर्ने लक्ष्यसहित नीति तथा कार्यक्रम ल्याएको जनाएको छ। चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेका बहुवर्षीय योजनालाई निरन्तरता दिँदै दीर्घकालीन सोच, उद्देश्य र विकास योजनालाई नयाँ नीतिमा समेटिएको छ।

महानगरका अनुसार आगामी वर्षको कार्यक्रम तर्जुमा गर्दा काठमाडौंको ऐतिहासिक पहिचान, सांस्कृतिक सम्पदा, वातावरणीय सन्तुलन तथा आधुनिक सहरी विकासलाई विशेष प्राथमिकता दिइएको छ।

प्रस्तावित नीति तथा कार्यक्रममाथि असार १ गते बस्ने नगर सभाको बैठकमा विस्तृत छलफल हुने कार्यतालिका रहेको छ।

# ७ बैंकले घटाए निक्षेपको ब्याज



दैनिक समाचारदाता

काठमाडौं ३१ जेठ । असार महिनाका लागि अधिकांश वाणिज्य बैंकले निक्षेपमा दिने ब्याजदर यथावत् राखेका छन् भने ७ बैंकले ब्याजदर घटाएका छन्।

बैंकहरूले सार्वजनिक गरेको नयाँ ब्याजदर सूचीअनुसार २० वाणिज्य बैंकमध्ये १३ बैंकले व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर स्थिर राखेका छन् भने ७ बैंकले घटाएका छन्। कुनै पनि बैंकले भने ब्याजदर बढाएका छैनन्।

असारका लागि दुई बैंकले व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर ४ प्रतिशतभन्दा तल कायम गरेका छन्। अधिकांश बैंकले जेठ महिनाकै ब्याजदरलाई निरन्तरता दिएका छन्।

बजारमा पर्याप्त तरलता रहनु, निक्षेप संकलनमा प्रतिस्पर्धा कम हुनु तथा कर्जाको माग अपेक्षाकृत न्यून रहनुले केही बैंकले मुद्दती निक्षेपको ब्याजदर घटाएको जनाइएको छ।

असार महिनाका लागि एनआईसी एसिया, एनएमबी, प्राइम, हिमालयन र स्ट्यान्डर्ड चार्टर्डलगायतका बैंकले मुद्दती निक्षेपको ब्याजदर घटाएका छन्। ब्याजदर स्थिर राख्ने बैंकहरूले भने वर्तमान बजार अवस्थाको मूल्याङ्कन गर्दै तत्काल दर परिवर्तन आवश्यक नरहेको निष्कर्ष निकालेका छन्।

# नयाँ दल सरकारको विकल्प : राणा




दैनिक समाचारदाता

काठमाडौं, ३१ जेठ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) परित्याग गरेका डा. धवलशमशेर राणाले वर्तमान सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै नयाँ राजनीतिक दल सरकारको विकल्प बन्ने दाबी गरेका छन्।

आइतबार काठमाडौंमा आयोजित 'राष्ट्रवादी पार्टी निर्माणार्थ जिम्मेवारी हस्तान्तरण तथा परिचयात्मक कार्यक्रम'मा बोल्दै उनले बालेन्द्र शाह नेतृत्वको सरकारले छोटो अवधिमै धेरै त्रुटि गरेको र यसको भविष्यबारे देशभर प्रश्न उठन थालेको बताए।

सरकार असफल भए जनताले नयाँ विकल्प खोज्ने दाबी गर्दै उनले त्यो विकल्प एमाले, कांग्रेस, माओवादी वा राप्रपा नभई राजासहितको प्रजातन्त्र र हिन्दु राष्ट्रको पक्षमा रहने नयाँ दल हुने बताए।

राणाले नयाँ पार्टीले राजसंस्थासहितको प्रजातान्त्रिक व्यवस्था र हिन्दु राष्ट्रको एजेन्डा अघि बढाउने उल्लेख गर्दै त्यसको औपचारिक घोषणा छिट्टै गरिने जानकारी दिए।

उनका अनुसार मलमास परेकाले पार्टीको नाम, झण्डा र अन्य औपचारिक विषय केही समयपछि सार्वजनिक गरिनेछ।

राणाले आगामी स्थानीय तह निर्वाचनमा नयाँ दलले सहभागिता जनाउने तयारीसमेत गरेको बताए।

# मधेशका सबै घरमा विद्युत् पहुँच

दैनिक समाचारदाता

जनकपुरधाम, ३१ जेठ । मधेश प्रदेशका सबै घरधुरीमा विद्युत् सेवा पुगेको प्रदेश सरकारको आर्थिक सर्वेक्षणले जनाएको छ। आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षण आइतबार प्रदेशसभामा प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले राष्ट्रिय प्रसारण प्रणालीमार्फत प्रदेशका १३६ स्थानीय तहका १ हजार २७१ वडाका सबै घरधुरीमा विद्युत् पहुँच सुनिश्चित भएको जानकारी दिए।



सर्वेक्षणअनुसार प्रदेशका सबै स्थानीय तहमा बैंक तथा वित्तीय सेवाको पहुँच विस्तार भइसकेको छ। हाल प्रदेशभर बैंक तथा वित्तीय संस्थाका १ हजार ७५४ शाखामार्फत सेवा प्रवाह भइरहेको उल्लेख गरिएको छ।

यद्यपि, कृषि क्षेत्रमा आएको गिरावटका कारण चालु आर्थिक वर्षमा मधेश प्रदेशको आर्थिक वृद्धि दर १.३१ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरिएको छ। सर्वेक्षणमा कृषि, वन तथा मत्स्य क्षेत्रको कुल प्रदेश अर्थतन्त्रमा ३४.९७ प्रतिशत योगदान रहेको उल्लेख छ। अन्नबाली उत्पादनमा कमी आए पनि तरकारी, फलफूल तथा माछामासु उत्पादनमा वृद्धि भएको तथ्य प्रस्तुत गरिएको छ। अर्थमन्त्री भट्टराईले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तथा बजेट यही आर्थिक सर्वेक्षणले देखाएको अवस्था र आवश्यकतालाई आधार बनाएर तर्जुमा गरिने बताए।

प्रदेशसभाको अर्को बैठक असार १ गते बस्नेछ। उक्त बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गरिने सभामुख रामआशिष यादवले जानकारी दिएका छन्।

# जुवा खेल्दै गरेका १२ जना पक्राउ



दैनिक समाचारदाता

पर्सा, ३१ जेठ । पर्साको सखुवा प्रसौनी गाउँपालिका-२ श्रीपुर बजारबाट जुवा खेलिरहेको अवस्थामा १२ जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले एक घरमा छापा मारेर तास खेलिरहेका १२ जनालाई नियन्त्रणमा लिएको हो।

प्रहरीले जुवाको खालबाट ४१ हजार ३३५ रुपैयाँ नगद र पाँच बुक तास बरामद गरेको जनाएको छ। पक्राउ परेकाहरूको नाम र ठेगाना भने सार्वजनिक गरिएको छैन।


प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार पक्राउ परेकामाथि आवश्यक अनुसन्धान भइरहेको छ भने प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको छ।

जिल्लामा अवैध जुवा तथा तास खेल्ने गतिविधि नियन्त्रणका लागि निगरानी र कारबाहीलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ।

# एकै विधेयकबाट २० ऐन संशोधन

दैनिक समाचारदाता

काठमाडौं, ३१ जेठ । सरकारले एकै विधेयकमार्फत २० वटा ऐन संशोधन गर्ने तयारी गरेको छ।




कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले 'केही नेपाल ऐन संशोधन विधेयक'को मस्यौदा तयार गरी जनमतका लागि सार्वजनिक गरेको हो।

विधेयकमा कर्मचारी सञ्चय कोष ऐन, जग्गा नापजाँच ऐन, भूमि ऐन, शिक्षा ऐन, मालपोत ऐन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, नागरिक लगानी कोष ऐन, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, निजामती सेवा ऐन, विश्वविद्यालय अनुदान आयोग ऐन तथा स्वास्थ्य सेवा ऐन संशोधन गर्ने प्रस्ताव समावेश गरिएको छ।

त्यसैगरी वैदेशिक रोजगार ऐन, संघीय संसद् सचिवालयसम्बन्धी ऐन, बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण एवं मेलमिलाप आयोग ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, भू-उपयोग ऐन, वन ऐन, बीमा ऐन र विधायनसम्बन्धी कानुनमा समेत संशोधन प्रस्ताव गरिएको छ।

सरकारले विभिन्न ऐनमा रहेका आवश्यक प्रावधानहरूलाई एकैपटक परिमार्जन गर्न एउटै विधेयकमार्फत संशोधन प्रक्रिया अघि बढाएको हो।

मस्यौदा विधेयक अर्थ मन्त्रालयबाट स्वीकृत भएपछि मन्त्रिपरिषद्मा पठाइनेछ। मन्त्रिपरिषद्बाट स्वीकृति पाएपछि सम्बन्धित मन्त्रालयले संसद्मा दर्ता गर्नेछ।

संसद्बाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि संशोधित व्यवस्था ऐनका रूपमा कार्यान्वयनमा आउनेछ।


- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३५४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,.जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४